प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
# घरेलु तथा साना उद्योग कार्यालय
कोशी प्रदेश
सङ्खुवासभा, नेपाल

## प्रविधि सहयोगको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

*(प्रथम पटक सूचना प्रकाशित मिति - २०८१।०४।३२)*

यस कार्यालयको आ.ब. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रचलित कानून बमोजिम दर्ता भई संखुवासभा जिल्ला भित्र सञ्चालनमा रहेका लघु/घरेलु/साना उद्योगका उद्योगीहरुले उद्योग स्थापना/सञ्चालन/क्षमता बृद्धिको लागि आवश्यक पर्ने प्रविधि तपशिल बमोजिमको प्रविधि सहयोग कार्यक्रम अन्तर्गत उद्योगीबाट समेत तोकिएको लागत सहभागिता रहने गरी प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८० को अनुसूची-२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र निम्न कागजात र विवरण सहित प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### प्रविधि सहयोग सम्बन्धी कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रमको नाम | लक्षित उद्योग |
|---|---|---|
| १ | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योग |
| २ | परम्परागत उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | परम्परागत सीपमा आधारित उद्योग |
| ३ | दलित समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | दलित समुदायद्धारा संचालित उद्योग |
| ४ | विपन्न, सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | विपन्न वा सिमान्तकृत समुदायद्धारा संचालन भएको उद्योग भनी सम्बन्धित पालिकाद्धारा सिफारिस भएको उद्योग |
| ५ | बेरोजगार यूवा तथा वैदेशिक रोजगारबाट फर्किएकालाई स्वरोजगारका लागि उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | बेरोजगार यूवा तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिद्धारा संचालित उद्योग |
| ६ | उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम | दर्ता भएका सबै किसिमका उद्योग |

प्रविधि माग गर्दा जुन जुन कार्यक्रमबाट आफुले प्रविधि पाउन योग्य हुने हो सो कार्यक्रमको लागि प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ ।

**संलग्न गर्नु पर्ने कागजातहरु:**

१. उद्योग दर्ता, नविकरण अध्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपि ।
२. आ.ब. २०८०।०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. उद्योगीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. उद्योगको तादात्म्यता हुने गरी उद्योगीले तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी ।

प्रमुख उद्योग अधिकृत


फोन नम्बरः ०२९५६२११३, इमेल ठेगानाः csidb.sankhuwasabha@gmail.com